# प्रेस विज्ञप्ति

# श्रावण २१, २०८०

# एन आई सी एशिया क्यापिटलको आ.व. २०७९/८० को प्रगति विवरण सार्वजनिक ।

मर्चेण्ट बैंकिङ्ग व्यवसायमा बढ्दै गईरहेको तिब्र प्रतिस्प्रर्धा, धितोपत्रको दोश्रो बजारको कारोवारमा समिक्षा अवधिभर नै मन्दी हुनु तथा अधिकाशं आर्थिक सूचकहरु नकरात्मक भई समग्र व्यवसायमा मन्दीको अवस्था सिर्जना भइरहेको समयमा समेत क्यापिटलको समग्र व्यवसायमा सन्तोषजनक बृद्धि गर्न सफल भएको छ । रु.२० करोड चुक्ता पूँजी रहेको क्यापिटलले आ.व. २०७९/०८० मा **रु.१० करोड ४२** लाख भन्दा बढी खुद मुनाफा आर्जन गरी प्रति शेयर आम्दानी **रु.५२.१०** कायम गर्न सफल भएको छ ।

आ.व. २०७९/०८० अन्त्यसम्म क्यापिटलले एन आई सी एशिया बैंक म्युचुअल फण्ड अन्तर्गत ४ वटा बन्दमुखी र एउटा खुलामुखी योजना गरी जम्मा पाँच वटा योजनाहरु संचालन गरिरहेको छ । संचालनमा आएको पहिलो वर्ष देखि नै नगद प्रतिफल वितरण गर्न सफल "एन आई सी एशिया ग्रोथ फण्ड" ले पहिलो वर्ष १० प्रतिशत, दोश्रो वर्ष १२ प्रतिशत, तेश्रो वर्ष ३० प्रतिशत र चौंथो वर्ष १३ प्रतिशत गरी हालसम्म ६५ प्रतिशत लाभांश वितरण गरिसकेको छ भने "एन आई सी एशिया ब्यालेन्सड् फण्ड" ले संचालनमा आएको पहिलो वर्ष ८ प्रतिशत, दोश्रो वर्ष ३० प्रतिशत र तेश्रो वर्ष १३ प्रतिशत गरी हालसम्म ५१ प्रतिशत नगद लाभांश वितरण गर्न सफल भएको छ । पहिलो खुलामुखी योजना "एन आई सी एशिया डाईनामिक डेप्ट फण्ड" संचालनमा आएको पहिलो वर्षमा १० प्रतिशत र दोश्रो वर्ष ६ प्रतिशत गरी हालसम्म १६ प्रतिशत नगद प्रतिफल वितरण गर्न सफल भएको छ । उक्त लाभांश वितरण पश्चात् तथा धितोपत्रको दोश्रो बजार तल्लो बिन्दुमा हुँदा समेत आषाढ मसान्त, २०८० मा क्यापिटलबाट संचालित योजनाहरु "एन आई सी एशिया ग्रोथ फण्ड" को खुद सम्पत्ति मूल्य (NAV) रु.११.९८, "एन आई सी एशिया ब्यालेन्सड् फण्ड" को खुद सम्पत्ति मूल्य (NAV) रु.११.२८, पहिलो खुलामुखी योजना "एन आई सी एशिया डाईनामिक डेप्ट फण्ड" को खुद सम्पत्ति मूल्य (NAV) रु. ११.१०, तेश्रो बन्दमुखी योजना "एन आई सी एशिया सेलेक्ट ३० इन्डेक्स फण्ड"को खुद सम्पत्ति मूल्य (NAV) रु.१०.७४ तथा चौथो बन्दमुखी योजनाको "एन आई सी एशिया फ्लेक्सी क्याप फण्ड"को १०.६७ कायम गर्न सफल भएको छ ।

"एन आई सी एशिया डाइनामिक डेप्ट फण्ड"ले आ.व. २०७९/८० को लागि १० प्रतिशत (कर सहित) का दरले नगद प्रतिफल वितरण गर्ने घोषणा गरिसकेको छ । नेपालमा संचालित सामूहिक लगानी कोष योजनाहरु मध्ये सबै भन्दा सुरक्षित अर्थात न्यून जोखिम र नियमित रुपमा प्रतिफल वितरण गर्न सक्ने पहिलो खुलामुखी योजना "एन आई सी एशिया डाईनामिक डेप्ट फण्ड" अन्तर्गत Systematic Investment Plan (SIP) तथा Systematic Withdrawal Plan (SWP) योजनाहरु समेत संचालन गरिरहेको र उक्त योजनामा अनलाईन मार्फत सहजै रुपमा सहभागी हुन मिल्ने व्यवस्था मिलाइएको व्यहोरा सहर्ष जानकारी गराउँदछौं ।

क्यापिटलले संस्थागत परामर्श सेवा अन्तर्गत **"IDEA to IPO"** सेवा संचालन गरिरहेको छ । जस अन्तर्गत २०८० आषाढ मसान्तसम्म १८ वटा कम्पनीहरुसंग दुई पक्षिय सम्झौता सम्पन्न भई कार्यहरु गरिरहेको छ । क्यापिटलले कुनै पनि कम्पनीको Ideation देखि कम्पनी स्थापना, Scale up: Expansion, Growth, Further Expansion हुदैं IPO जारी गर्ने चरणसम्म कम्पनीलाई पुऱ्याउन आवश्यक पर्ने लगानीको श्रोत व्यवस्थापन तथा आवश्यक सम्पूर्ण परामर्श सेवा प्रदान गर्दै आइरहेको छ । साथै क्यापिटलले नेपाल धितोपत्र बोर्डबाट विशिष्टीकृत लगानी कोष संचालन गर्नको लागि स्वीकृति प्राप्त गरि विशिष्टीकृत लगानी कोष अन्तर्गतको योजना निकट भविष्यमा ल्याउन लागिएको व्यहोरा जानकारी गराइन्छ ।

लगानी व्यवस्थापन सेवा अन्तर्गत "मेरो लगानी, मेरो भविष्य" भन्ने मूल नाराका साथ ग्राहकमुखी नवीनतम् योजनाहरु संचालन गरी आ.व. २०७९/०८० को अन्त्यसम्ममा ६६५ जना ग्राहकहरुबाट रु.१ अर्ब ८१ करोड भन्दा बढी रकम संकलन गरी लगानी व्यवस्थापन सेवा उपलब्ध गराइरहेको छ। क्यापिटलले लगानी व्यवस्थापन सेवा अन्तर्गत Income Guaranteed Fund, Priority Services, जस्ता विशेष योजनाहरु संचालन गरिरहेको छ । जुन सेवा अनलाईन मार्फत समेत लिन सकिने व्यवस्था मिलाइएको छ ।

क्यापिटलले निक्षेप सदस्य सेवा अन्तर्गत देशको सम्पूर्ण भू-भागमा बसोबास गर्ने आम जनता समक्ष डिम्याट खाताको पहुच सहज, सर्वसुलभ तरिकाबाट पुऱ्याउने मुख्य उद्देश्यका साथ विगतका वर्ष देखि नै "एक नेपाली, एक डिम्याट खाता" अभियान संचालन गरिरहेको छ । क्यापिटलले "एक नेपाली, एक डिम्याट खाता" अभियानलाई सहज र सर्वसुलभ रुपमा आम जनता माझँ पुऱ्याउन एन आई सी एशिया बैंक लिमिटेडको देशभर छरिएर रहेका सम्पूर्ण शाखा कार्यालयहरू तथा विस्तारित काउण्टरबाट समेत डिम्याट खाता खोल्ने, शेयरको अभौतिकीकरण गर्ने लगायतका निक्षेप सदस्य अन्तर्गत प्रदान गरिने सम्पूर्ण सेवाहरु सहजै रुपमा उपलब्ध गराउने व्यवस्था मिलाएको छ । डिम्याट खाता खोल्दा लामो समय लाग्ने र उपत्यका बाहिरबाट डिम्याट खाता खोल्न निकै असहज भईरहेको भन्ने जनगुनासो सम्बोधन गर्न नेपालको जुनसुकै भू-भागबाट समेत अनलाईन मार्फत डिम्याट खाता खोल्न सकिने व्यवस्था मिलाएको छ ।

क्यापिटलले २०८० आषाढ मसान्तसम्म ६ लाख ६७ हजार भन्दा बढी डिम्याट खाता खोली डिम्याट खाता संख्याको आधारमा नम्बर १ कम्पनी बन्न सफल भएको छ । क्यापिटलले समग्र डिम्याट खाता संख्याको ११.६० प्रतिशत हिस्सा ओगट्न सफल भएको छ । हाल क्यापिटलले "एक नेपाली, एक डिम्याट खाता" मात्र रु.९९९ मा Lifetime डिम्याट खाता नविकरण हुने तथा रु.१,००० मा भुक्तानी गर्दा मेरो शेयर खाता Lifetime को लागि नविकरण हुने योजना संचालन गरिरहेको छ । साथै "एन आई सी एशिया विद्यार्थी डिम्याट खाता योजना" अन्तर्गत निःशुल्क डिम्याट तथा मेरो शेयर खाता खोल्ने, अनलाईन मार्फत डिम्याट खाता खोल्दा १ घण्टा भित्र निःशुल्क डिम्याट खाता उपलब्ध गराउने तथा "९९९ बैदेशिक रोजगार डिम्याट योजना" लगायतका योजनाहरु संचालन गरिरहेको छ । डिम्याट खाता खोल्ने सेवाग्राहीहरुको संख्या बढेसंगै ग्राहकहरुको आवश्यकता अनुरुपको जानकारी उपलब्ध गराउने मुख्य उद्देश्यका साथ छुट्टै Customer Excellency Unit खडा गरी सेवा प्रदान गर्दै आइरहेको छ ।

क्यापिटलले मर्चेण्ट बैंकिङ्ग सेवा अन्तर्गत २०८० आषाढ मसान्तसम्म सामूहिक लगानी कोष सहित १७ वटा कम्पनीको शेयर रजिष्ट्रार सम्बन्धी सेवा प्रदान गर्दै आइरहेको छ । निष्कशन तथा बिक्री प्रबन्ध सेवा अन्तर्गत हालसम्म १७ वटा कम्पनीको प्राथमिक शेयर निष्काशन, ४ वटा कम्पनीको हकप्रद शेयर निष्काशन र २५ वटा भन्दा बढी कम्पनीको संस्थापक समूहको शेयर बोलकबोल मार्फत बिक्री गर्ने कार्य सम्पन्न गरिसकेको छ । साथै हाल दुई वटा कम्पनीको प्रथामिक शेयर निष्काशन कार्य भइरहेको छ ।

साथै हाल क्यापिटलले आफ्नो सेवालाई सर्वसुलभ र प्रविधिको प्रयोग मार्फत ग्राहकहरु माँझ पुऱ्याउन **"अव लाईनमा होइन, क्यापिटलको सेवा Online मा"** भन्ने मुल नाराका साथ क्यापिटलसँग आवद्ध ग्राहकहरु तथा क्यापिटलबाट सेवा लिन चाहने ग्राहकहरुलाई प्रविधिको प्रयोग मार्फत क्यापिटलमा उपस्थित नभई मोवाईलबाटै सहज र सर्वसुलभ रुपमा सेवा उपलब्ध गराउने मुख्य उद्देश्यका साथ थप सेवा सुविधा सहित "Mobile App" संचालनमा समेत ल्याएको छ । क्यापिटलबाट प्रदान गरिने सेवाहरु तथा क्यापिटलसँग आवद्ध भएका ग्राहकहरुले "Mobile App" बाटै सम्पूर्ण सेवाहरु प्राप्त गर्न सक्नेछन् । हाल क्यापिटलको "Mobile App" बाट SIP Registration तथा SIP Installment भुक्तानी गर्न, Mutual Fund हरुको NAV हेर्न, Online Demat Account र Mero Share Account खोल्न, Demat Account तथा Mero Share नविकरण गर्न, Portfolio Management Service (PMS) Register गर्न, Portfolio Management Service मा Login गरी आफ्नो लगानीको अध्यावधिक विवरण हेर्न Demat Account मा भएको विवरणहरु अध्यवाधिक गर्न, Mero Share Account को Password तथा Pin Reset Request गर्न, Uncollected Dividend, DRN Status, Dematerialization Request Return सम्बन्धी विवरण हेर्न, IPO/Auction Allotment को Result हेर्न, Research Report, Stock Market Related News Alert, Market Summary जस्ता विवरणको Notification प्राप्त गर्न सक्नेछन । आगामी दिनमा क्यापिटलबाट प्रदान गरिने सम्पूर्ण सेवाहरुलाई "Mobile App" मा Integration गरी डिजिटलाईजिड रुपमा उपलब्ध गराउने रणनीति लिएको छ ।

.............................
रामेन्द्र रायमाझी
प्रमुख कार्यकारी अधिकृत

NIC ASIA CAPITAL

१ नेपाली एक DEMAT खाता

मेरो लगानी, मेरो भविष्य